मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ बैशाख २२ गते बिहीबार (Thursday, May 5. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३–५९०१६६, दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## कनकाईमा कांग्रेस-एमालेलाई शेरबहादुर र श्यामसुन्दरको धक्का कति ?

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, बैशाख २१।** कनकाई नगरपालिकाको मेयरमा कसले बाजीमार्ला ? यो प्रश्न यति बेला टोल-टोलदेखि चिया पसलसम्म बहसको विषय बन्न थालेको छ ।

कनकाईमा मेयर पदको टिकट नपाएपछि कांग्रेस छोडेर स्वतन्त्र रुपमा उम्मेदवारी दिएका शेरबहादुर थापा र एमाले छोडेर राप्रपामा प्रवेश गरी सो पार्टीबाट मेयर पदका उम्मेदवार बनेका श्यामसुन्दर ओलीले कति मतदातालाई प्रभाव पार्लान् ? अर्थात् कति मत उनीहरुले प्राप्त गर्लान् भन्ने विभिन्न अनुमान भइरहेका छन् ।

कतिपयले शेरबहादुर र श्यामसुन्दरले प्राप्त गर्ने मतका आधारमा सत्तारुढ गठबठन्धन र एमालेका उम्मेदवारको हार-जितको आँकलन पनि गर्न थालेका छन् । यथार्थमा शेरबहादुर र श्यामसुन्दरले कांग्रेस-एमालेका उम्मेदवारका कतिको धक्का पुऱ्याउलान् ? भन्ने प्रश्न नै कनकाईमा केन्द्रविन्दु बनेको छ । त्यहाँ कूल मतदाता ३५ हजार चार सय ७१ छन् । जसमध्ये पुरुष मतदाताको संख्या १७ हजार तीन सय १७ र महिला मतदाताको संख्या १८ हजार एक सय ५४ छ ।


यो नगरपालिकामा स्थानीय तहको निर्वाचनमा सत्तारुढ गठबन्धन दलसहित पाँच वटा दलले प्रमुख पदको दाबी गर्दै उम्मेदवारी दिएका छन् भने दुई जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । उम्मेदवारी दिनेमध्ये संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका बसन्त लिम्बूले उम्मेदवारी फिर्ता लिँदै गठबन्धनलाई सघाएका छन् ।

गठबन्धनकातर्फबाट नेपाली कांग्रेसका रुद्रप्रसाद चिमरियाको उम्मेदवारी छ भने नेपाल कम्युनिष्ट पार्टी एमालेकातर्फबाट उम्मेदवारी रहेको छ । त्यस्तै विवेकशील साझा पार्टीबाट भीमप्रसाद अधिकारीले उम्मेदवारी दर्ता गराएका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टीका श्यामसुन्दर ओली र मौलिक जरोकिलो पार्टीका टंक उप्रेतीको उम्मेदवारी रहेको छ ।

प्रमुख पदमै दाबी गर्दै शेरबहादुर थापाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् भने देवीप्रसाद उप्रेतीले समेत प्रमुख पदका लागि उम्मेदवारी दर्ता गराएका छन् । २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनलाई आधार मान्दा यो नगरमा कांग्रेस र एमालेको मुख्य प्रतिष्पर्धा देखिएको छ । गतनिर्वाचनमा नेकपा एमालेका तर्फबाट राजेन्द्रकुमार पोखरेलले आठ हजार चार सय १६ मत प्राप्त गर्दै नगर प्रमुखमा बिजयी भएका थिए भने नेपाली कांग्रेसका उम्मेदवार एकराज उप्रेतीले ६ हजार एक सय ९७ मत प्राप्त गरेका थिए । ०७४ मा भएको निर्वाचनमा यो नगरमा एमाले र कांग्रेसको मतान्तर दुई हजार दुई सय १९ देखिन्छ ।




**रुद्रप्रसाद चिमरिया**
**प्रमुख पदका उम्मेदवार**
**नेपाली कांग्रेस**



**राजेन्द्रकुमार पोखरेल**
**प्रमुख पदका उम्मेदवार**
**नेकपा एमाले**



**शेरबहादुर थापा**
**प्रमुख पदका उम्मेदवार**
**स्वतन्त्र**



**श्यामसुन्दर ओली**
**प्रमुख पदका उम्मेदवार**
**राप्रपा**

यता माओवादी केन्द्रले भने छ सय ३६ मत मात्र प्राप्त गरेको थियो । यसपटकको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले संयुक्त उम्मेदवार उठाएका छन् । तर, नेकपा एमाले एक्लै चुनावी मैदानमा छ भने राप्रपा लगायतका अन्य दल समेत एक्लाएक्लै मैदानमा उत्रिएका छन् ।

कनकाई नगरपालिकामा नेकपा एमाले र कांग्रेसबीच तीब्र प्रतिष्पर्धा हुने देखिए पनि राप्रपा लगायतका अन्य दलले समेत यो नगरमा चुनौति दिइरहेका छन् । नेपाली कांग्रेसका क्रियाशील सदस्य यो नगरमा एक हजार सात सय १३ जना छन् भने नेकपा एमालेका एक हजार सात ४५ जना पार्टी पिएम छन् । नेपाली कांग्रेसको तुलनामा एमालेका क्रियाशील सदस्य ३२ जनाले बढी देखिन्छन् ।

नेपाली कांग्रेसका नेता शेरबहादुर थापा पार्टीप्रति असन्तुष्ट रहँदै स्वतन्त्र उम्मेदवारी दर्ता गराएसँगै कनकाईमा कांग्रेसको मत बाँडिने एकथरिले विश्लेषण गरेका छन् भने अर्काथरिले नेकपा एमालेमा मेयर पदका लागि थुप्रै आकांक्षी रहँदारहँदै पुनः राजेन्द्रकुमार पोखरेललाई टिकट दिनुले पनि पार्टीभित्र रुष्ट कार्यकर्ताले मत दिनेमा आशंका उब्जिएको बताउँदै आएका छन् ।

कनकाईका लागि पोखरेल, चिमरिया र थापाबीचमा नै मुख्य प्रतिष्पर्धा रहने आंकलन गरिएको छ । कांग्रेसमा देखिएको असन्तुष्ट र एमालेभित्र पनि देखिएको असन्तुष्टिका कारण कतै थापाले त प्रमुख पद जित्ने होइनन् भन्ने चर्चा समेत हुन थालेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा सत्तारुढ दल, प्रतिपक्षी दल र तिनका कार्यकर्ता तथा उम्मेदवार अहिले मतदाताको घर-घरमा मत माग्न व्यस्त देखिन्छन् । नेकपा एमालेले सबै वडाका टोल-टोल र घर-घरमा पुगेर मतदातासँग मत मागिसकेको छ भने नेपाली कांग्रेसका उम्मेदवारले समेत घरदैलो कार्यक्रमलाई तीव्र बनाउँदै मत माग्दै घर-घर पुगिरहेका छन् ।

नौ वटा वडा रहेको यो नगरमा प्रमुख दुई दलसहित अन्य दलका नेता तथा कार्यकर्ता र स्वतन्त्र उम्मेदवारले समेत घरदैलो अभियानलाई तीव्र बनाएका छन् । रोचक मोडमा पुगेको कनकाईको निर्वाचनले जिल्लाकै ध्यान खिचेको छ । सामाजिक व्यक्तित्वका रुपमा छवि बनाएका तीनै जनाले घरदैलोलाई तीव्र बनाएसँगै कसले कति मतदातालाई आफ्नो पक्षमा पार्लान् भन्ने आंकलन

*(बाँकी अन्तिम पृष्ठमा)*

## हत्यामा संलग्न तीन जना पक्राउ



**इलाम, बैशाख २१।** मृत फेला परेकी इलाम नगरपालिका-८की ३१ बर्षीया बिनीता काफ्लेको हत्या आरोपमा संग्लग्न स्थानीय ४२ बर्षीय देवेन्द्र रिमाललाई जिल्ला प्रहरी कार्यालय इलामले पक्राउ गरेको छ ।

बैशाख १७ गते इलाम नगरपालिका -८ सिङफ्रिङ बेलडाँडामा टाउको र शरीरका बिभिन्न भाग छुट्टाछुटै भई खाल्डोमा पुरिएको अवस्थामा काफ्लेको शव फेला परेको थियो । शव फेला परेसँगै अनुसन्धानको क्रममा रिमाल संग काफ्लेको घनिष्ट सम्बन्ध रहेको खुलेसँगै निजलाई पक्राउ गरिएको र सोधपुछको क्रममा रिमालले उक्त घटना आफैंले घटाएको भनी साबिति बयान दिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी देउमाई नगरपालिका-७ का ४५ बर्षीय सन्तोष बाला राईको हत्या गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बैशाख १५ गते स्थानीय स्वास्थ्य चौकीबाट कोरोनाको खोप लगाई फर्कदै गरेका राईको हत्या सम्बन्धमा अनुसन्धान गर्ने क्रममा दुई जनालाई जिल्ला प्रहरी कार्यालय इलामले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा देउमाई नगरपालिका-७ चुलिगाउँका २३ बर्षीय भूपेन राई र निजकै भाई २० बर्षीय श्रीचन्द्र राई रहेका छन् । उनीहरुले कोरोनाको खोप लगाई घर फर्कदै गरेका राईलाई बाटोमा सामान्य बादबिबादकै क्रममा अन्धाधुन्द कुटपिट गरी हत्या गरेको खुले संगै दुबै जनालाई पक्राउ गरी घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

उता आफ्नै बुवा ५० वर्षीय शंकर यादवलाई कुटपिट गरी हत्या गरेको अभियोगमा नवलपरासी (पश्चिम) रामग्राम नगरपालिका-१४ प्रसावल बस्ने ३२ वर्षीय बालगोबिन्द यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

बालगोबिन्दले कुटपिट गर्दा गम्भीर घाइते भएका शंकरको पृथ्वीचन्द्र अस्पताल परासी हुँदै थप उपचारको लागि मेडिकल कलेज भैरहवातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बैरागनाथबाट खटिएको प्रहरीले बालगोबिन्दलाई पक्राउ गरेको हो ।

## २४ लाख जरिवाना तोकिएका सुवाल पक्राउ

**काठमाडौं, बैशाख २१।** नेपाल प्रहरीले उच्च अदालत पाटनबाट रु. २४ लाख ५९ हजार ८२२ जरिवाना भएका एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले उच्च अदालत पाटनले छ दिनको कैद सजाय र रु. २४ लाख ५९ हजार ८ सय २२ जरिवाना भएका भक्तपुर नगरपालिका-२ व्यासीका ४७ वर्षीय बिकुबहादुर सुवाललाई पक्राउ गरेको हो ।

ब्यूरोका प्रहरी उपरीक्षक कमल थापाले उच्च अदालत पाटनको वि.सं. २०७८ फागुन ३० को फैसलापछि फरार रहेका सुवाललाई बुधवार भक्तपुरबाट पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका सुवालले आफ्नो एनआइसी एशिया बैंक लिमिटेडको खातामा पर्याप्त मौज्दात रकम नभएको जानी-जानी झुक्यानमा पारेर पीडितलाई खाली चेक दिएर बैकिङ कसुर गरेका थिए ।

पक्राउ परेका उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुर पेश गरिएको प्रहरी उपरीक्षक थापाले बताए ।

## कनकाईमा एमालेले जित्ने ओलीको दावी

**सुरुङ्गा, बैशाख २१।** नेकपा एमालेका केन्द्रीय अध्यक्ष केपी शर्मा ओलीले कनकाई नगरपालिकामा आगामी स्थानीय तहको निर्वाचनमा एमालेका उम्मेदवारहरूको विजय सुनिश्चित भएको बताएका छन् ।

बुधबार गणतन्त्र चौक सुरुङ्गामा कनकाई नगरको चुनावी प्रतिबद्धता-पत्र सार्वजनिक गर्ने चुनावी सभामा प्रमुख अतिथिका रूपमा बोल्दै अध्यक्ष ओलीले एमाले मुलुकको विकासको नेतृत्व गर्ने जनताको प्रिय पार्टी भएको दावी गरे । मुलुकका गौरवका योजनादेखि बालबालिकाका समस्या एमालेले नै हल गर्ने भन्दै ज्येष्ठ नागरिकको हृदयमा बस्न सफल पार्टी एमाले मात्रै भएकोमा ओलीले जोड दिए ।

सुरुङ्गा र कनकाईका नागरिक आफैं सचेत भएकाले र एमालेलाई भारी मतले बिजय गराउने जनताको निर्णय भइसकेकाले आफूले थप भन्न आवश्यक नरहेको उनको भनाइ थियो ।

कार्यकर्ता, समर्थक र शुभेच्छुकको सहभागिता रहेको कार्यक्रममा एमाले नेताहरु देवराज घिमिरे, अग्नि खरेल, सूर्य उप्रेती, बालकृष्ण मैनाली, हीराकुमार थापा, टंकबहादुर कार्की, प्रेमप्रसाद दाहाल लगायतको आतिथ्य रहेको थियो । कार्यक्रम कनकाई नगर ईञ्चार्ज रवीन्द्र लम्सालको अध्यक्षतामा भएको थियो । कनकाई नगर अध्यक्ष खड्गप्रसाद प्रसाईको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन नगर उपसचिव दीपक चापागाँईले गरेका थिए ।

## गठबन्धनको एजेण्डा: स्मार्ट चोकदेखि र फ्रि वाईफाईसम्म



**अर्जुनधारा, बैशाख २१।** गठबन्धनबाट प्रमुख पदकी उम्मेदवार रञ्जीता कार्कीले नगरलाई विकासोन्मुख बाटोमा लैजानका लागि स्मार्ट चोक र फ्रि वाईफाई आवश्यकता भएको औंल्याएकी छिन् ।

चुनाव प्रचार अभियान अन्तर्गत अर्जुनधारा नगरपालिकाभित्र प्रशस्त चोक र बजारोन्मुख स्थान भएको हुँदा ती ठाउँहरुलाई स्मार्ट चोक बनाउन सके नमूना नगरपालिका हुनेमा दुईमत नहुने उनले बताइन् ।

उम्मेदवार कार्कीले मतदाताहरुको अमूल्य सुझावसँगै प्राप्त मत भए ग्रामीण चोकलाई स्मार्ट चोकमा लैजाने प्रतिबद्धता व्यक्त गरिन् । बिगत लामो समयसम्म कम्युनिष्टले शासन गरेको अर्जुनधारा क्षेत्र विकासका लागि नेपाली कांग्रेस गठबन्धन भएर आएको प्रचार अभियानमा कांग्रेसका प्रदेश १का सभापति उद्धव थापाले बताए ।

अर्जुनधारा-७ स्थित मिलडाँडामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै एकपटक गठबन्धनलाई मत दिएर स्थानीय सरकारको बागडोर सम्हाल्ने अवसर प्रदान गर्न थापाले आग्रह गरे । सभापति थापाले अर्जुनधारा नगर प्राकृतिक, जलस्रोत र धार्मिक पर्यटकीय क्षेत्र भएको हुँदा यसलाई नमूना नगर बनाउन सकिने प्रशस्त आधार गठबन्धनको चुनावी घोषणापत्रमा भएको बताउँदै अवसर प्रदान गर्न आग्रह गरे ।

कार्यक्रममा उपप्रमुखका प्रत्यासी जीतेश योञ्जनले समतामूलक समाजबाटै समृद्ध नगर हुने भएको हुँदा त्यसलाई लागू गर्न आफूहरु मत माग्न घरआँगनमा आएको बताउँदै न्यायप्रेमी जनताबाट मत प्राप्त हुनेमा विश्वास व्यक्त गरे ।

कार्यक्रममा जिल्ला सचिव कृष्ण हुमागाँईले तानाशाह प्रविधिको अन्त्यको लागि गठबन्धनको उदय भएको बताए । वडाध्यक्ष प्रत्यासी नवराम ढुंगानाले वडालाई समृद्ध बनाउन धेरै काम गर्न बाँकी नै रहेको बताए । उनले आफ्नो कार्यकालमा जे जति गरेँ आउने दिनमा न्याय संगत विकासका लागि अहोरात्र वडामा खटिने बताए । चुनाव अभियानमा वडा सदस्यका उम्मेदवारहरु ऐतराज नेम्वाङ 'सन्तोष', सुरेश लामिछाने, महिला सदस्य गंगा थापा, दलित महिला सदस्य गोमा पर्वते लगायतले घर आँगनमै पुगी मत मागेको उपसभापति चतुर्भुज काफ्लेले जानकारी दिए ।

अभियानमा पूर्वमन्त्री वीरमणि ढकाल, भरत बुढाथोकी, देवकला प्रसाई, दीपक ढकाल, भूवनेश्वर शिवाकोटी लगायतको सहभागिता रहेको थियो ।

## मिसावट गर्नेलाई तीन लाख जरिवाना

**विराटनगर, बैशाख २१।** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुगड स्पासेज एण्ड फुड इण्डस्ट्रिजलाई रु. तीन लाख जरिवाना गरेको छ ।

विराटनगरस्थित उक्त उद्योगले मिसावटयुक्त मसला उत्पादन तथा बिक्री

*(बाँकी अन्तिम पृष्ठमा)*

**कुक आवश्यकता**

**बिर्तामोडस्थित एक [redacted]लाई पिज्जा, बर्ग[redacted]न बनाउन जान्ने दुई जना [redacted]एक जना लेडिज वे[redacted]ता परेकोले इच्छुक व्यक्ति[redacted]म्पर्क गर्नुहोला ।**
**सेवा सुविधा आपसी[redacted]ारीमा**
**मो. ९८२५[redacted]४२, ९८४[redacted]**

**Tower Temple School**
**[+2 MANAGEMENT]**
**(An English Medium School)**
**Birtamod – 5, Akkal Basti,Jhapa**

**VACANCY ANNOUNCEMENT**

Tower Temple School invites application from highly energetic, qualified and result oriented for the following position.

1. **Position:** Secondary Level Science Teacher: Qualification - M.Sc.
   **No. of Teachers required:** 1
2. **Position:** Basic Level Teacher: Qualification - B.A./B.Ed.
   **No. of Teachers required:** 2
   **Experience:** Candidates applying for the post must have worked in the related at least 2 years in school.

***The candidate applying for the above position must have good character and good command over English and candidates are requested to visit the office between 10 am to 1 pm along with application, CV, recent photo within 23rd of Baishakh, 2079. Only short-listed candidates will be called for interview and demo class.***

**Principal**
**Contact: 023-541254,**

# अनलाइन पत्रकारिता प्रशिक्षण सम्पन्न



**कमल, बैशाख २१।** अनलाइन पत्रकारिता सम्बन्धी दुई दिने प्रशिक्षण बुधवार झापाको कमल-५ पाडाजुंगीमा सम्पन्न भएको छ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ झापा शाखाले 'पत्रकारिताको बदलिँदो आयाम: अनलाइन पत्रकारिता, लेखन र समाचार कक्षको भूमिका' विषयमा प्रशिक्षणको आयोजना गरेको हो। जिल्लाका क्रियाशील ३५ सञ्चारकर्मी सहभागी प्रशिक्षणको सहजीकरण अनलाइन क्षेत्रका अग्रज पत्रकार तथा नेपालखबर डटकमका सम्पादक अरुण बरालले गरेका थिए।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको प्रशिक्षण समापन समारोहका प्रमुख अतिथि महासंघ प्रदेश १का कोषाध्यक्ष विमल लामिछाने बुद्धिले मिसन पत्रकारितामा सबै पत्रकारको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिए।

स्वतन्त्र र निष्पक्ष ढंगले स्थानीय तहको निर्वाचन सम्पन्न गर्न पत्रकार र सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहने भन्दै लामिछानेले सोही अनुसार दायित्व बोध गर्न पत्रकारहरुलाई अग्रह गरे।

प्रशिक्षण समापनमा महासंघ प्रदेश १का कार्य समिति सदस्य विष्णु सुब्बा, सहभागीहरुको तर्फबाट उमानाथ भण्डारी, सेलिङ केसी, शान्ति सुब्बाले मन्तव्य राखेका थिए। प्रशिक्षणमा सहभागी सञ्चारकर्मीले आवश्यक प्रशिक्षण तथा महासंघको भूमिका लगायतका विषयमा विभिन्न सुझाव राखेका थिए।


महासंघका जिल्ला उपाध्यक्ष केशव भट्टराईले वर्तमान कार्य समितिले १३ महिनामा गरेको कामको जानकारी गराएको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए।

गौरादह नगरपालिकाको सहयोगमा प्रशिक्षण आयोजना गरिएको थियो। मंगलवार प्रशिक्षणको उद्घाटन गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराईले गरेका थिए।

# इन्टरनेट सेवा बन्द हुने सम्भावना टरेको हो ?

**काठमाडौं, बैशाख २१।** आउँदो साताबाट देशैभर बन्द हुनसक्ने भनिएको इन्टरनेट सेवामा बाधा पर्न नदिइने सञ्चार तथा सूचना प्रविधि मन्त्रीले बताएका छन्।

बेरुजुको कारण देखाउँदै ब्यान्डविथका लागि विदेशी मुद्रा सिफारिस गर्न सरकारले रोकेका कारण आफूहरूले इन्टरनेट सेवा उपलब्ध गराउन नसक्ने सेवा प्रदायकहरूले बताएका बेला सञ्चार मन्त्रीको यो पछिल्लो भनाइ आएको हो।



सरकारका प्रवक्तासमेत रहेका मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले यस विषयमा इन्टरनेट सेवा प्रदायकहरूसँग छलफल भएको र त्यसबारे देखिएका समस्या समाधानका लागि आफूले मन्त्रालयमा निर्देशन दिइसकेको बताएका हुन्।

सेवा प्रदायकहरूले फछ्र्यौट गर्नुपर्ने बेरुजुको कुरा छ। त्यसको हामी समाधान गर्छौं। इन्टरनेट जस्तो अत्यावश्यकीय सेवामा अवरोध हुने कुरा कल्पना पनि गर्न सकिन्न। इन्टरनेट सेवा बन्द हुँदैन- मन्त्री कार्कीले भने। यसै साताको शुरुमा इन्टरनेट सेवा प्रदायक संघ नेपालले विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय ब्यान्डविथ खरिदका लागि रकम तिर्न नसकिए आउँदो साताबाट देशैभरि इन्टरनेट सेवा बन्द हुनसक्ने भन्दै चेतावनी दिएको थियो।

**बेरुजु फछ्र्यौटको समस्या**

इन्टरनेट सेवा प्रदायकहरूले सरकारलाई तिर्नुपर्ने रोयल्टी र करको रकम नतिरेको भन्दै मन्त्रालयले विगत छ महिनादेखि विदेशी मुद्रा सिफारिस रोक्दै आएको थियो। इन्टरनेट सेवामा सरकारले कर बढाएपछि उक्त कर तिर्न नसकिने भन्दै इन्टरनेट सेवा प्रदायकहरूले आन्दोलन गरेपछि सरकारले उनीहरूलाई मर्मतसम्भार खर्चमा छुट दिएको थियो।

तर, दूरसञ्चार नियमावली संशोधन नगरी दिइएको छुटलाई महालेखा परीक्षकको कार्यालयले सञ्चार मन्त्रालयको बेरुजुको रूपमा राखेको छ। त्यो रकम सेवा प्रदायकहरूबाट असुल नहुँदासम्म आफूहरूले विदेशी मुद्रा सिफारिस नगर्ने अडानमा मन्त्रालय रहँदै आएको थियो।

मन्त्रालयका प्रवक्ता विनोदप्रकाश सिंहले भने- इन्टरनेट सेवा प्रदायकहरूले बेरुजु रकम फछ्र्यौट गर्ने प्रतिबद्धता जनाएर पत्राचार गरिएको छ, हामी सकारात्मक छौं। मन्त्रालयले अब एक दुई दिनभित्रै सिफारिस गर्छ। त्यसरी सेवा प्रदायकहरूले तिर्नुपर्ने बेरुजु रकम करिब तीन अर्ब रुपैयाँ रहेको सिंहले बताए।

**आयोगको निर्देशन**

नेपालका इन्टरनेट सेवा प्रदायकहरूले भारतको टाटा, एयरटेल र सिफीजस्ता दूरसञ्चार सेवा प्रदायकहरूबाट ब्यान्डविथ खरिद गरेर यहाँ बिक्री गर्दै आएका छन्।

तर, सरकारले सिफारिस नगरिदिएका कारण विगत छ महिनादेखि रकम तिर्न नसकिएको सेवा प्रदायकहरूको संस्था आईएसपीएनका अध्यक्ष सुधीर पराजुलीले बताए। गत साता ती भारतीय सेवा प्रदायकले आफूलाई सेवा रोक्ने भन्दै जानकारी गराएपछि आफूहरू पनि सेवा अवरुद्ध हुनेबारे विज्ञप्ति निकाल्न बाध्य भएको पराजुलीले बताए।

बेरुजु देखाउँदै सरकारले सिफारिस रोकेको भए पनि सञ्चारमन्त्रीसँगको छलफलमा शुक्रवारसम्म रकम सिफारिस गरिने आश्वासन आफूहरूले पाएको उनले बताए। अन्तर्राष्ट्रिय ब्यान्डविथ खरिदका लागि महिनामा करिब ४० करोड रुपैयाँ भारतीय कम्पनीहरूलाई आफूहरूले तिर्ने गरेको पराजुलीले जानकारी दिए।

यसअघि चुनावको मुखैमा इन्टरनेट सेवा अवरोध भएमा निर्वाचन व्यवस्थापनमा गम्भीर असर पर्ने भन्दै निर्वाचन आयोगले सरकार र सम्बद्ध पक्षलाई त्यसमा बाधा पर्न नदिन निर्देशन दिएको थियो। बीबीसी

# नखेल्ने फिल्म किन साइन गर्छन् अनमोल ?

हिटको ग्यारेन्टी गर्ने नायकको रुपमा चिनिन्छन्- अनमोल केसी। 'कृ' र 'क्याप्टेन'को व्यापारलाई बिर्सने हो भने उनका प्रायः फिल्म बक्सअफिसमा सफल छन्। उनको स्टारडमले नै फिल्म सफल बनाउने ल्याकत राख्छ। यसैले युवापुस्तालाई लक्षित गरेर फिल्म बनाउन चाहने हरेक मेकरको पहिलो रोजाईमा उनी हुने गरेका छन्। माग अनुसार उनको पारिश्रमिक पनि उकालोलाग्दो छ।

अनमोल वर्षमा दुईभन्दा बढी फिल्म गर्दैनन्। फिल्मको अफर भने उनलाई दिनमै सातवटा सेड्युलमा काम गरे पनि नभ्याउने गरी पुग्ने गर्छ। उनले फिल्म साइन गरी नै हाले भने पनि काम गर्छन् नै भन्ने ग्यारेन्टी हुँदैन। केही वर्षयता उनले साइन गरेका फिल्म छाडेका उदाहरण धेरै छन्। हतारमा फिल्म साइन गरेरपछि अनेक कारण देखाउँदै हात झिक्ने उनलाई बानी परिसकेको छ।

हुन त, कलाकारले साइन गरेको फिल्म छाड्नु नौलो होइन। विश्वमै हेर्ने हो भने स्क्रिप्ट फेरबदल भएर, समय नमिलेर, निर्देशक वा निर्मातासँग मतभेद भएर कलाकारले फिल्म छाडेका कयौन उदाहरण छन्। अनमोलले पनि एक/दुईवटा फिल्म छाडेको भए उनीमाथि प्रश्न उठ्ने ठाउँ रहँदैन थियो। तर, उनी त गिनिज बुकमा नै नाम लेखाउने गरी साइन गरेको फिल्म छाडिरहेका छन्।



निर्देशक हेमराज विसीको फिल्म 'ग्यांगस्टार ब्लूज' अनमोलले काम गर्ने लगभग पक्का गरेर पछि छाडेका थिए। यसपछि उनले मिलन चाम्सको 'ब्याचलर बन्टी' र साम्तेन भुटियाको 'धुपौरे' साइन गरेर पछि हात झिके। हालै उनी दीवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिल्म 'हनी बनी'बाट पनि अलगिएका छन्। यो फिल्म उनले स्क्रिप्ट पढेको २ दिनमा साइन गरेका थिए।

आखिर फिल्म छाड्ने नै भए किन साइन गर्छन्- अनमोल ? फिल्म साइन गरेपछि के कुरा चित्त बुझ्दैन उनलाई ? धेरैका लागि यो चासोको विषय बनेको छ। फाइनल स्क्रिप्ट नै नपढी वानलाइन स्टोरीकै भरमा फिल्म साइन गर्ने अनमोलको बानी रहेको बताइन्छ। हातमा फाइनल स्क्रिप्ट परेपछि आफूले सुनेको वानलाइन स्टोरीसँग छेउटुप्पो नमिल्दा उनले फिल्मबाट हात झिक्ने गरेका छन्।

फाइनल स्क्रिप्ट नपढी फिल्म साइन गर्नु अनमोलको आफ्नै गल्ती हो। निर्माता/निर्देशकले त दिउँसै सपना देखाइदिन्छन्। नेपाली फिल्मको वानलाइन स्टोरी साउथ फिल्मको भन्दा सानदार हुने गरेका छन्। तर, स्क्रिप्टमा वानलाइन स्टोरीको १० प्रतिशत पनि आउँदैन। त्यसैले मेकरको बोलीमा विश्वास गर्नुभन्दा फाइनल स्क्रिप्ट पढेपछि मात्र उनले निर्णय लिने बानी बसाल्न आवश्यक छ।

फिल्म साइन गरेको केही दिनमा विभिन्न कारण देखाएर हात झिक्ने बानीले उनको छवि समेत धमिलो बन्दै गएको छ। एकातिर उनी निर्माता/निर्देशकको आँखोको तारो बनिरहेका छन् भने अर्कोतिर उनले आफैंलाई 'अनप्रोफेसनल कलाकार' प्रमाणित गरिरहेका छन्। अब उनी फिल्म साइन गर्दा गम्भीर हुन जरुरी छ। अन्यथा, यसको असर उनको करिअरमा नपर्ला भन्न सकिन्न।

# संस्कारी बुहारी रश्मिको पारदर्शी गाउन



टीभीकी संस्कारी बुहारी र 'बिग बोस' फेम रश्मी देसाई सानो पर्दामा निकै चर्चित नाम हो। रश्मि टेलिभिजनको सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्रीभित्र पर्छिन्। रश्मिले टीभी शो बाहेक धेरै भोजपुरी फिल्ममा पनि काम गरिसकेकी छिन्। उनी धेरै म्युजिक भिडियोमा पनि देखिएकी छिन्।

अभिनयसँगै रश्मि सामाजिक सञ्जालमा पनि निकै सक्रिय छिन्। उनी आफ्ना हट र बोल्ड तस्वीर र भिडियोहरु पोस्ट गरेर फ्यानहरुसँग जोडिइरहन्छिन्। उही समयमा, फ्यानहरूले प्रत्येक पोस्टमा आफ्नो प्रेमको वर्षा गर्छन्। यसैबीच अहिले रश्मिको पछिल्लो फोटोसुट चर्चामा छ।

रश्मि देसाईले आफ्नो इन्स्टाग्राम अकाउन्टमा आफ्नो पछिल्लो फोटोसुटको तस्विर शेयर गरेकी छिन्। तस्वीरमा रश्मि देसाईले अफ शोल्डर कालो रंगको पारदर्शी पोशाक लगाएकी छिन्।

## कनकाईमा ...

गर्न सक्ने अवस्था नरहेको बताइन्छ।

नेकपा एमालेले आफ्नो जित सुनिश्चित रहेको बताउँदै आएको छ भने गठबन्धन दलका तर्फबाट आफूहरुले संयुक्त उम्मेदवार उठाएकाले कांग्रेसको जित सुनिश्चित भएको दाबी गरिएको छ। यता कांग्रेस परित्याग गर्दै स्वतन्त्र उम्मेदवारी दिएका शेरबहादुर थापाले पनि आफ्नो जित सुनिश्चित भएको दाबी गरिरहेका छन्। नगरबासीको चाहना अनुरुप आफ्नो उम्मेदवारी रहेकाले आफ्नो जित निश्चित रहेको उनको तर्क छ।

यता उपप्रमुख पदमा कनकाईमा सात जनाको उम्मेदवारी परेको छ। उम्मेदवारी परेकामध्ये संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले उम्मेदवारी फिर्ता लिएको छ। मञ्चका तर्फबाट गीतामाया चेम्जोङले उम्मेदवारी फिर्ता लिँदै गठबन्धनलाई सघाएकी हुन्। गठबन्धन दलकातर्फबाट उममेयरमा आशा शर्मा शिवाकोटीको उम्मेदवारी रहेको छ भने नेपाल कम्युनिष्ट पार्टी एमालेका तर्फबाट मञ्जु प्रसाईंको उम्मेदवारी छ। नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीले समेत यो नगरमा उपमेयरको दाबी गरेको छ। यहाँ अम्बिकादेवी महतले उपमेयरको दाबी गर्दै उम्मेदवारी दिएकी छन्। त्यस्तै विवेकशील साझा पार्टीका तर्फबाट अम्बिका चापागाँई, राप्रपाबाट सचित्रा खनाल, मौलिक जरोकिरोबाट शान्ता दाहाल र उन्नत लोकतन्त्र पार्टीबाट बिन्दिया बराइलीले उम्मेदवारी दिएका छन्।

**दोहोरिए पोखरेल र प्रसाईं**

नेकपा एमालेले कनकाई नगरको प्रमुख र उपप्रमुख पदका लागि दोहोर्‍याएर टिकट दिएको छ। ०७४को निर्वाचनमा बिजयी बनेका नगर प्रमुख पोखरेल र उपप्रमुख मञ्जु प्रसाईंलाई पार्टीले पुनः टिकट दिएसँगै उनीहरु चुनावी मैदानमा उत्रिएका हुन्। अन्य पालिकामा नेकपा एमालेका तर्फबाट दुबै पदमा कुनै पनि उम्मेदवार दोहोरिएका छैनन्। अन्य पालिकामध्ये बुद्धशान्तिमा मिरा भुर्तेल उपाध्यक्षबाट अध्यक्षमा टिकट पाएर चुनावी मैदानमा छिन् भने हल्दिबारीका उपाध्यक्ष डम्बर गिरीले समेत अध्यक्षको लागि चुनावी मैदानमा छन्।

दमक नगरपालिकाकी उपप्रमुख गीता अधिकारीले समेत प्रमुख पदका लागि टिकट पाइन् भने मेचीनगरमा मीना उप्रेतीले उपाध्यक्ष पदमा दोहोर्‍याएर टिकट पाएकी छिन्। बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईंले प्रमुख पदमा उम्मेदवारी दिएकी छिन्।

अर्जुनधारा नगरपालिकाका १० नं. वडाध्यक्ष बलदेव गोम्देनलाई प्रमुख पदका लागि एमालेले टिकट दिएको छ भने बिर्तामोड नगरपालिकामा २ नं. वडाध्यक्ष नगेन्द्रप्रसाद संग्रौलालाई उपप्रमुखको टिकट दिइएको छ।

**यस्ता छन् गठबन्धनका एजेन्डा**

पूर्वाधार, सुशासन, शिक्षा तथा स्वास्थ्य, युवा तथा खेलकुद, पर्यटन, नगर तपाईंको साथी, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक, वन तथा कृषि, बजार व्यवस्थापन, संघ-संस्था र विविध पक्षलाई समेटेर गठबन्धन दलका तर्फबाट नेपाली कांग्रेसले घोषणा पत्र सार्वजनिक गरेको छ।

घोषणापत्रमा पूर्वाधार विकासमा नगरपालिकाभित्रका अव्यवस्थित मूल सडक, कृषि सडक, बजार क्षेत्रका सडक, ग्रामीण क्षेत्रका सडकहरुमा सौर्यबत्ती, आवश्यकता अनुसार पुल, कल्भर्ट ढलसहित निर्माण गरिने उल्लेख छ।

सबै ग्राभेल सडकलाई पाँच वर्षभित्रमा कालोपत्रे बनाइ कनकाई नगरपालिकालाई धुलोमुक्त बनाइने घोषणा-पत्रमा उल्लेख छ। कनकाई नदी पूर्वी भाग र बिरीङ नदीको दुबै किनारमा पाँच वर्षभित्रमा तटबन्ध गरिने, चम्पापुर, घैलाडुब्बा जोड्ने बिरीङ खोलामा आधुनिक झोलुङे पुल निर्माण गरिने उल्लेख छ।

कक्षा १२ सम्म सामुदायिक विद्यालयलाई पूर्णतः अंग्रेजी माध्यमको गुणस्तरमा निःशुल्क शिक्षा प्रदान गर्ने घोषणा-पत्र सार्वजनिक गरिएको छ। नगरभित्रका गुरुकूल र मदरसालाई आवश्यक संरक्षण र सहयोग प्रदान गर्ने घोषणा पत्रमा उल्लेख छ। युवा तथा खेलकुदतर्फ वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई श्रम र सिपको विकास गरी रोजगारी सृजना गर्ने, नगरभित्रका महिलाहरुलाई पाँच हजार रुपैयाँ सुत्केरी भत्ता उपलब्ध गराउने, मृत्यु भएका परिवारमा १० हजार रुपैयाँ नगदसहित समवेदना दिने जस्ता प्रतिबद्धता सार्वजनिक गरिएको छ।

अभिभावक तथा संरक्षकको अभावमा रहेका बालबालिकालाई निःशुल्क बालगृहको व्यवस्था गरी प्रत्येक वडामा बालबालिका तथा ज्येष्ठ नागरिकका लागि सुविधासम्पन्न इन्टरनेटसहितको पार्क निर्माण गरिने घोषणा पत्रमा उल्लेख छ। त्यस्तै कृषिलाई व्यवसायमुखी बनाउन आवश्यक पूर्वाधार निर्माण गरी किसानहरुले सञ्चालन गरेको सहकारीहरुको विकास गर्दै सहकारीमाफर्त नै कम्पोस्ट मल, उन्नत बीऊ, जैविक औषधि तथा कृषि औजारहरु अनुदान, कृषि बिमा तथा अन्य केही सामग्रीहरुमा सहुलियत ऋण उपलब्ध गराइ ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइने उल्लेख छ। व्यावसायिक कृषकलाई तीन लाखसम्मको व्याज अनुदानमा ऋण उपलब्ध गराइने घोषणा पत्रमा उल्लेख छ। घोषणापत्रमा जनताको करबाट उठेको राजश्वलाई भ्यू-टावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी नगर्ने, सरकारी सम्पत्तिको दुरुपयोग तथा प्राकृतिक स्रोतसाधनको दोहन नगर्ने समेत प्रतिबद्धता जनाइएको छ।

## मिसावट ...

गरेकाले विभागले उक्त रकम जरिवाना गरेको हो। विभागले उक्त उद्योगलाई भविष्यमा गुणस्तरीय उत्पादन गर्न निर्देशन दिएको छ।

यसैबीच, राष्ट्रिय उपभोक्ता मञ्चले आज एक विज्ञप्ति जारी गरी उक्त उद्योगका उत्पादन सेञ्चुरी ब्राण्डका मसलाहरू उपभोग गर्दा होशियार रहन आम उपभोक्तामा अनुरोध गरेको छ।


**कर्मचारी आवश्यकता**

वेटर: २ जना
वेट्रेस: २ जना
चाइनिज कुक: १ जना
मो. ९८२६९१९८१६

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क: ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२, ९७४५२६०८२५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ।

**ज्योतिष परामर्श सेवा**

के तपाईं आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नुको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ। अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ। कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ।

कश्यप पाण्डे बृहस्पति
**दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा**
शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा
सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७

**विशेषज्ञ डाक्टरहरूको सेवा**

| डा. अजय अग्रवाल | डा. पिताम्बर ठाकुर |
| --- | --- |
| MBBS, MD | MBBS, MD |
| वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ | वरिष्ठ फिजीसीयन |
| प्रत्येक दिन बिहान : ८:३०-९:३० | प्रत्येक दिन बिहान : ११:००-१:०० |
| बेलुका ५:००-६:०० बजेसम्म | दिउसो ३:००-५:०० बजेसम्म |

अन्य सेवाहरू : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्वारा दैनिक सेवा उपलब्ध छ।

नोट: यहाँ डिजिटल एक्स-रे, भिडियो एक्स-रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको सेवा रहेको छ।

सम्पर्क: **ठाकुर पोलीक्लीनिक**
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३-५९०००८, ९८१७९६४७७९

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## निर्वाचन अवसर पनि हो

स्थानीय तहको निर्वाचन आउन अब केवल नौ दिन बाँकी छ । यो समय निर्वाचनका दृष्टिले संकटको समय हो र मतदाताको मन पगाल्ने अवसरको समय पनि हो । सिधासाधा मतदातालाई चिल्ला बोली र आश्वासनको पोको बाँडेर आफूतिर आकर्षित गर्ने बेला पनि यही हो । त्यसैले यो बेला निर्वाचनको व्यवस्थापन, नियमन गर्ने तथा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने जिम्मा पाएका निर्वाचन आयोग, जिल्ला प्रशासन, प्रहरी प्रशासन लगायतका अङ्गहरुले क्रियाशीलता र तदारुकता व्यापक बनाउनुपर्छ । त्यसैगरी निर्वाचन निष्पक्ष, धाँधलीरहीत, स्वतन्त्र र त्रासमुक्त बनाउन जनचेतना प्रवाह गर्दै नियामक निकायलाई खबरदारी गर्ने गैरसरकारी एवम् स्वयम्सेवी संस्थाहरुले चनाखो हुनुपर्ने बेला पनि यही हो । निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न यसबेला दल, तिनका नेता र उम्मेदवारहरु जस्तोसुकै कर्म गर्न पनि तयार हुन्छन् । त्यसैले आयोगले आफ्नो निगरानी क्षमता बढाउनै पर्छ ।

त्यसो त निर्वाचन आयोगले आचारसहिता मार्फत निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउन सम्बद्ध सबैलाई सचेत गराएको छ । तर, त्यस्तो सचेतना र निर्देशनको प्रभावकारिता 'भुइँ'मा देखियो–देखिएन हिसाब राख्ने गरिएको छैन । त्यसैले विगतदेखि नै निर्वाचनको परिणाम आउनासाथ निष्पक्ष हुन नसकेको टिप्पणीसहित आलोचना हुने गरेको छ । निर्वाचन जित्न पैसा खर्च गर्नैपर्ने मानसिकताले योग्य र सक्षमभन्दा पनि पैसा हुनेले टिकट पाउने र चुनाव जित्ने गरेको विगतका उदाहरणलाई दृष्टिगत गरी आयोगले खर्चको सीमा तोकेको छ । साथसाथै उम्मेदवारलाई निर्वाचनको खर्च बैंक मार्फत मात्रै गर्न निर्देशन दिइएको छ । निर्वाचन आयोगले मंगलबार विज्ञप्ति मार्फत आचारसंहिताको पालना गर्दै निर्वाचन खर्च बैंक मार्फत गर्न निर्देशन दिएको हो ।

स्थानीय तहको निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न खासगरी एमाले, कांग्रेस, माओवादी केन्द्र लगायतका दलका शीर्ष नेतृत्व नै निर्वाचन अभियानको दौडाहमा छन् । त्यसमा पनि एमाले अध्यक्ष स्वयम् गृह जिल्लाका चुनावी भेलामा सहभागी भइरहेका छन् । आम मतदातालाई झुठो आवश्वासन बाँडेर मत बटुल्न खप्पिस नेता, कार्यकर्ता वा उम्मेदवारका विगतका भूमिकाका लेखाजोखा नगर्ने हो भने दुःख पाउने भनेको मतदाताले नै हो । पदमा भएकाले बाटो बनाएँ भनेर फेरि अलमल्याउन सक्छन् । तर, मतदातामा विकास परिवर्तनको स्वभाविक प्रक्रिया हो भन्ने चेत आउनुपर्छ । आफैंले तिरेको करबाट निर्मित भौतिक संरचना कसैको योग्यता र श्रेष्ठताको परिचायक हुन सक्दैन । यसर्थ, निर्वाचन बिनाप्रभाव, बिनादवाब, बिनाप्रलोभन बनाउन मतदाता नै जाग्नु पर्छ । त्यसो हुन सकेन र उनीहरुकै चिल्ला, उरन्ठेउला र नक्कली व्यवहार नै मतदानका आधार बनियो भने न समाज परिवर्तन हुन्छ, न त व्यवस्थाले स्थायित्व पाउँछ ।

# आचारसंहिता उल्लंघन गरे यस्तो हुन्छ कारवाही



विष्णु गिरी 'निश्चल'

निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइएमा उल्लंघनको प्रकृति र स्वरुप हेरी सचेत गराउने, सूचना सार्वजनिक गर्ने, कानूनतः जरिवाना वा दण्ड सजायलाई कार्यान्वयन गर्ने तथा उम्मेदवारको उम्मेदवारी रद्द हुनेसम्मको कानूनी व्यवस्था रहेको छ।

यही बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि २०७८ चैत्र २५ गतेदेखि आचारसंहिता लागू भएको छ। आचारसंहिता अनुसार कसैको पक्ष विपक्षमा सञ्चारमाध्यममा मात्र होइन, सामाजिक सञ्जालमा पोष्ट वा शेयर गर्न पनि पाइने छैन। दल वा उम्मेदवारले आधिकारिक पेजमा मात्र प्रचार गर्न पाउने आयोगले प्रष्ट पारेको छ। झोला, टिसर्ट, ब्याज जस्ता सामग्री छाप्न र वितरण गर्न समेत रोक लगाइएको आयोगले जनाएको छ।




निर्वाचन वालिग मताधिकारका आधारमा प्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई जनतालाई सशक्त तुल्याउने लोकतन्त्रको मेरुदण्ड पनि हो। निर्वाचन जति खर्चिलो र भड्किलो बन्दै जान्छ त्यति नै आस्था, निष्ठा, विचार र सिद्धान्त पराजित बन्न सक्ने खतरा बढ्न थाल्छ भन्ने आम चासो र चिन्ता व्यापक बन्दै गएको छ।

निर्वाचनको प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कसैको पक्ष वा विपक्षमा विचार राख्न, प्रचार-प्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरुले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने साथै सामाजिक सञ्जालमा गलत भ्रामक सूचना प्रवाह गर्न, गराउन वा झुटा साइट, एकाउण्ट सञ्चालन गर्न वा गराउन नहुनुका अतिरिक्त कसैको चरित्र हत्या हुनेगरी व्यक्तिगत लाञ्छना वा मान हानी हुने प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न प्रकाशन वा प्रसारण गर्न निषेध गरिएको छ।

कुनै राजनीतिक दल वा उम्मेदवारले आफ्नो निजी वा आधिकारिक पेजमा आफनो सिद्धान्त, विचार, प्रतिवद्धता र कार्ययोजना राखी प्रचार-प्रसार गर्न सकिने छ। आचारसंहिताले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेष्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, माक्स, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, बिक्री-वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने व्यवस्था गरेको छ।

आचारसंहिताको उल्लंघन भएमा हुने कारवाहीका विषयमा निर्वाचन आयोगले उपलब्ध स्रोतसाधन र जनशक्तिको उपयुक्त प्रयोग गरी कहिकतैबाट आचासंहिता उल्लंघन भएको पाइएमा आचारसंहिता उल्लंघनको प्रकृति र स्वरुप हेरी सचेत गराउने, सूचना सार्वजनिक गर्ने, कानूनतः जरिवाना वा दण्ड सजायलाई कार्यान्वयन गर्ने तथा उम्मेदवारको उम्मेदवारी रद्द हुनेसम्मको कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जनाएको छ।

**निर्वाचन कसुर गरे यस्तो हुन्छ सजाय ?**

निर्वाचनमा कानून विपरीत काम गर्ने र अपराध गर्नेलाई सजायको समेत व्यवस्था छ। स्वतन्त्र र निष्पक्ष निर्वाचनलाई प्रभावित पार्ने त्यस्ता क्रियाकलापमा कसुरको गम्भीरता हेरी सजायको व्यवस्था समेत छ।

**झुटा विवरण पेस गर्न नहुने :**

उम्मेदवारी मनोनयनका बेलामा झुटा विवरण र कागजात पेस गर्न नहुने नियम छ। यसो गरे झुटा विवरण दिएमा २५ हजारसम्म जरिवाना गर्ने व्यवस्था छ।

**निर्वाचन सामग्री प्रयोगमा बाधा गर्न नहुने :**

निर्वाचनका क्रममा प्रयोग हुने मतपत्रदेखि मतपेटिका खोस्न, नष्ट गर्न र प्रयोगमा रोकावट गर्न हुँदैन। त्यसो गरेमा एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने ऐनमा व्यवस्था छ।

**मतपत्रको दुरुपयोग गर्न नहुने :**

निर्वाचनका लागि प्रयोग हुने मतपत्र केर्न, च्यात्न र दुरुपयोग गर्न मिल्दैन। नक्कली मतपत्र बनाउन र मतदान केन्द्रको मतपत्र अन्यत्र लैजान पनि मिल्दैन। त्यसो गरेमा एक लाखसम्म जरिवाना, दुई वर्ष कैद वा दुबै सजाय हुनेछ।

**मतपत्र बेच्न नहुने :**

निर्वाचन गराउने निर्वाचन अधिकृत वा मतदान अधिकृत लगायत निर्वाचनमा खटिने कर्मचारीले प्रलोभन वा प्रभावमा परेर मतपत्र बेच्न वा दिन नहुने व्यवस्था छ। त्यसो गरेमा एक लाखसम्म जरिवाना, दुई वर्ष कैद वा दुवै सजाय हुनेछ।

**अर्काको मत हाल्न नहुने, मतदानको विवरण सार्वजनिक गर्न नहुने, अरु चिज खसाल्न नहुने बाटो छेक्न नहुने :**

कसैले पनि मतदान गर्न हिँडेको व्यक्तिलाई बाटो छेक्ने वा मतदान गर्न जानबाट रोक्न मिल्दैन। त्यसो गरेमा २५ हजार रुपैयाँसम्म जरिवाना हुन्छ।

**गैर नेपालीले मतदान गर्न नहुने :**

गैरनेपाली नागरिकले मतदान गरेमा एक लाख रुपैयाँ जरिवाना, एक वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ।

**मतगणना स्थलमा जान नहुने, गलत रुपमा मत गन्न नहुने, हतियार लिएर हिँड्न नहुने, शान्ति सुरक्षा भंग गर्न नहुने, प्रभावित पार्न नहुने, प्रचारप्रसार गर्न नहुने :**

निर्वाचन प्रसारप्रसारका क्रममा राष्ट्रिय अखण्डता, शान्तिसुरक्षा लगायतका विषयमा प्रभाव पार्ने गरी प्रसार-प्रसार गर्न नहुने व्यवस्था छ।

**आर्थिक सहयोग :**

निर्वाचन प्रचार-प्रसारका लागि सरकारी र सार्वजनिक निकाय अनि गैरसरकारी संस्थाबाट आर्थिक सहयोग लिए एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ।

**निषेधित कामका लागि सहयोग लिन नहुने :**

निर्वाचन आयोगले निषेधित कामका लागि आर्थिक सहयोग लिन नहुने व्यवस्था गरेको छ। खर्च विवरण बुझाउनुपर्ने उम्मेदवारहरुले निर्वाचन सकिएपछि निर्वाचनका क्रममा भएको खर्च निर्वाचन अधिकृतलाई बुझाउनुपर्छ।

## महालक्ष्मी बैंकद्वारा बिर्तामोडमा कारोबार शुरु

**बिर्तामोड, बैशाख २१।** महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयले भद्रपुररोडबाट कारोबार शुरु गरेको छ ।

भद्रपुररोडमा रहेको साविक जनता बैंक रहेको भवनमा सुविधासम्पन्न महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयको स्थानान्तरण गरिएसँगै कारोबार शुरु गरिएको हो । यसअघि महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयले बिर्तामोड मुक्तिचौकको पोखरेल मार्केटबाट कारोबार गर्दै आइरहेको थियो ।

महालक्ष्मी विकास बैंक लिमिटेडका अध्यक्ष राजेश उपाध्यायको अध्यक्षता तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बैंकका बिर्तामोड शाखा प्रमुख भरतप्रसाद खतिवडाले स्वागत गरेका थिए ।

महालक्ष्मी विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले बैंकले विगत १३ वर्षदेखि बिर्तामोडमा वित्तीय कारोबार गरिरहेको बताए ।



कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश सदस्य कुमार भट्टराई, सप्तकोशी डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश पोखरेल, एक्सेल डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्र कट्टेल, सहारा नेपालका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरी लगायतले पूर्वकै प्रमुख व्यापारिक केन्द्र बिर्तामोडमा महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालय सञ्चालन गरेकोमा खुशी व्यक्त गर्दै यहाँका व्यापारी-व्यवसायीको हितमा काम गर्न आग्रह गरेका थिए ।

कार्यक्रममा सहभागी बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेत, नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराई, चेम्वर अफ कमर्श झापाका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट नोमिनि सिद्धार्थ नवीन उप्रेती लगायतले महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखाको सफलताको शुभकामना दिएका थिए ।

कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघकी उपाध्यक्ष नैनकला भट्टराईले गरेको महालक्ष्मी विकास बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयका अपरेशन इञ्चार्ज बनिता पोखरेलले जानकारी दिइन् ।

## हेमरमलाई घर हस्तान्तरण

**बिर्तामोड, बैशाख २१।** अर्जुनधारा-११ कि ९६ बर्षीया बृद्धा चम्पुकुमारी हेमरमलाई घर हस्तान्तरण गरिएको छ ।

श्रमिकटोलकी चम्पुकुमारी र एक नातिनीसहित दुई जना बस्दै आएकी छन् । नातिनी स्कूल पढ्दै गरेको र आफू काम गर्न नसकेपछि सहयोगी तथा आफन्तले दिएको खाद्यान्नले जिबिका चलाउँदै आएको उनी बताउँछिन् ।

सामाजिक अभियन्ता गणेश ढुंगानाको पहलमा अर्जुनधारा-११ हाल अमेरिका निवासी अरुणकुमार डाँगी, बिर्तामोड निवासी गणेश भट्टराई, रीता भट्टराईबाट ३१ हजार सात सयको आर्थिक सहयोग जम्मा भएको रकमबाट निर्माण गरिएको घर हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा स्थानीय सामाजिक व्यक्तित्व दधिराम उप्रेती, तीर्थबहादुर राई, मोहन प्रसाई, रुपेन फागु लगायतले सहयोगी दाताहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । स्वच्छ समाजका लागि सामाजिक अभियानका अध्यक्ष गणेश ढुंगानाको अध्यक्षता सम्पन्न कार्यक्रममा सहजीकरण रञ्जित परियारले गरेका थिए ।

## बालक्लवद्वारा सर्वत र सातु वितरण



**बिर्तामोड, बैशाख २१।** हराउँदै गएको संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले बिर्तामोडस्थित न्यूटन्स एकाडेमी विद्यालयले अक्षय तृतीयाको अवसर पारेर सर्वत र सातु वितरण गरेको छ ।

विद्यार्थीलाई सांस्कृतिक पर्वको ज्ञान दिने उद्देश्यले अक्षय तृतीयाको अवसरमा न्यूटन्स बालक्लवद्वारा सर्वत र सातु वितरण गरिएको जनाइएको छ । बालक्लवका अध्यक्ष सावित्रा न्यौपाने तथा फोकल पर्सन मिनु शिवाकोटीले विद्यार्थीहरुलाई अक्षय तृतीयाको महत्व र यसको प्रभावकारिताका बारेमा जानकारी गराउँदै सातु र सर्वत वितरण कार्यक्रम गरिएको जानकारी दिएका छन् ।

रिजेन्सी बुक्स एण्ड स्टेशनरीले प्रयोजन गरेको तथा श्रेष्ठ प्लाष्टिक पसलबाट पनि सहयोग प्राप्त भएको बताइएको छ । विद्यार्थीहरुलाई नेपालीहरुको सांस्कृतिक पर्वको जानकारीका साथै महत्व दर्शाउने उद्देश्यले अतिरिक्त कार्यक्रम अन्तर्गत सातु र सर्वत वितरण गरिएको विद्यालयले जनाएको छ ।

## पथरीशनिश्चरेका मतदानस्थलको निरीक्षण

**पथरीशनिश्चरे, बैशाख २१।** बैशाख ३० मा सम्पन्न हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले मोरङको पथरीशनिश्चरे नगरपालिका क्षेत्रका मतदान स्थलहरुको निरीक्षण गरेको छ ।

नगरस्थित निर्वाचन कार्यालयका सहायक मतदान अधिकृत पूण्यप्रसाद पौडेलको अगुवाईमा मतदान केन्द्रहरको निरीक्षण गरेको हो । पथरीशनिश्चरे नगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, लेखा अधिकृत पिताम्बर बस्ती, इलाका प्रहरी कार्यालय पथरीका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमसहितको टोलीले निरीक्षण गरेको हो । टोलीले मतदान स्थल, त्यहाँ निर्माण हुने मतदान केन्द्र र त्यसको व्यवस्थापनका बारेमा जानकारी लिएको छ ।



१० वडा रहेको नगरमा २० मतदान स्थल र त्यसैमा ५९ मतदान केन्द्र रहेका छन् । वडा नम्बर १ मा सबैभन्दा बढी सात हजार छ सय ७९ मतदाता छन् । वडा नम्बर २ मा पाँच हजार ४५, वडा नम्बर ३ मा पाँच हजार तीन सय ७३, वडा नम्बर ४ मा पाँच हजार छ सय ३७, वडा नम्बर ५ मा चार हजार तीन सय ५६, वडा नम्बर ६ मा चार हजार आठ सय २२, वडा नम्बर ७ मा चार हजार ७३, वडा नम्बर ८ मा चार हजार दुई सय ९९, वडा नम्बर ९ मा चार हजार नौ सय ७० र वडा नम्बर १० मा पाँच हजार ७० जना गरी नगरमा कूल ५१ हजार तीन सय २४ मतदाता रहेको नगरको निर्वाचन कार्यालयले जनाएको छ ।

# यी हुन् कचनकवल नगरपालिकाका उम्मेदवारहरु

### पद : अध्यक्ष

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| कालेन्द्रप्रसाद सिंह राजवंशी | नेपाली कांग्रेस |
| बुद्धिप्रसाद नेपाल | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| ज्ञानबहादुर राई | जनता समाजवादी पार्टी, नेपाल |
| कर्णलाल राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| खेपचरण यादव | नेपाल कम्युनिष्ट पार्टी (एस) |
| अन्जरा आलम | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| वाकसिंह राजवंशी | जनमत पार्टी (जपा) |
| विनोदकुमार खरेल | स्वतन्त्र |

### पद : उपाध्यक्ष

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| नवराज भट्टराई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| भागीरथा अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| हेलामती रजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| निमसरी राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सरस्वती मुखिया | जनमत पार्टी (जपा) |

### पद : वडाध्यक्ष वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| धनलाल राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| महावीर लिम्बू | नेपाली कांग्रेस |
| नारयणसिंह राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| वाजारुलाल राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| लक्ष्मीनारायण यादव | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| टेमानन्दसिंह राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| दुर्गाप्रसाद भण्डारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| उग्रनारायणसिंह राजवंशी | नेपाली कांग्रेस |
| अन्तप्रसाद राजवंशी | नेपाली कांग्रेस |
| केसरसिंह राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| उमेशकुमार पौदार | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| देउकुमार मावो | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| मुरारीप्रसाद राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| भीमबहादुर कटुवाल | स्वतन्त्र |

### पद : महिला सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मीना दहाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सान्जावती राजवंशी | नेपाली कांग्रेस |
| सुदमाकुमारी राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| इन्द्रकला गणेश | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : दलित महिला सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| देवीमाया दर्जी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सुनिता दर्जी | नेपाली कांग्रेस |
| संगीता दास | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| टंकमाया दर्जी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : वडाध्यक्ष वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| लेखनाथ खत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सुरजकुमार भट्टराई | नेपाली कांग्रेस |
| मुक्तिमान श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| हंसनारायण राजबंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| थानबहादुर थापा | नेपाल कम्युनिष्ट पार्टी (एस |
| हरीनारायण चौहान | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| गणेश भण्डारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| हेकुमारी तामाङ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| धनबहादुर गुरुङ | नेपाली कांग्रेस |
| नहिन्द्रबहादुर बिष्ट | नेपाली कांग्रेस |
| नारायण थापा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| देवीप्रसाद खनाल | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| चौले गाइने | जनता समाजवादी पार्टी, नेपाल |
| कोमलप्रसाद नेपाल | नेपाल कम्युनिष्ट पार्टी (एस) |
| शम्भुलाल राजबंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रमला योङ्हाङ लिम्बू | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| चन्द्रशंकर अधिकारी | स्वतन्त्र |

### पद : महिला सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मनमाया चौहान | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| रुक्मा राजवंशी | नेपाली कांग्रेस |
| झुमाकुमारी राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| सावित्रा खनाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : दलित महिला सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| प्रतिमा बोगटी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| रजनी बैकारी गाईने | नेपाली कांग्रेस |
| बर्तमाया गाईने | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| अमृता बोगटी गन्धर्व | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : वडाध्यक्ष वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| प्रकाश खनाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ग्यास आजमल मिया | नेपाली कांग्रेस |
| लीलाधरप्रसाद राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| मुनी राजवाशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| मेहेरमानसिंह राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एस) |
| विजयकुमार राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| जीवनाथ खतिवडा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| बेलाउठा राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मेघलाल राजवंशी | नेपाली कांग्रेस |
| सुर्यनारायण राजवंशी | नेपाली कांग्रेस |
| भवानीशंकर बुढाथोकी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| चुण्डे बेस्रा | नेपाल कम्युनिष्ट पार्टी (मा.केन्द्र) |
| धनलाल राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| कुलप्रसाद न्यौपाने | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| राधिका पौडेल (सन्जेल) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| विष्णुमाया अधिकारी | नेपाली कांग्रेस |
| गुणसरी राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| मालती राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| बुधवती राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : दलित महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| गीता दर्जी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| शोभा सुनदास | नेपाली कांग्रेस |
| डिल्लीमाया दर्जी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| गोमा दर्जी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : वडाध्यक्ष वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| नुरुजजमा मिया | नेपाली कांग्रेस |
| पूर्णबहादुर भण्डारी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| आवास मिया | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| मोहनचन्द्र गणेश | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| बिजयसिंह राजवंशी | जनमत पार्टी (जपा) |

### पद : सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| सैलुल मिया | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| गौर सिंह माझी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| पहार सिंह गणेश | नेपाली कांग्रेस |
| सन्तोषकुमार गणेश | नेपाली कांग्रेस |
| आशिन मिया | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| ओमप्रकाश माझी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| अनिन्द्रप्रसाद राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| अब्बास मिया | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गुणदेव गणेश | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| आलम मिया | स्वतन्त्र |

### पद : महिला सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| पवित्रादेवी पोख्रेल (लम्साल) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मुस्तकोमा मिया | नेपाली कांग्रेस |
| विमलादेवी गणेश | नेपाल कम्युनिष्ट पार्टी (मा.केन्द्र) |
| कुन्ती राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : दलित महिला सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| विजली दास | नेपाली कांग्रेस |

### पद : वडाध्यक्ष वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मो.नुर आलम | नेपाली कांग्रेस |
| फुलचन्द्र गणेश | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| देवेन्द्रप्रसाद राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| शिवनारायण यादव | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| नगेन शाह | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मो. रागिव हुसेन | नेपाली कांग्रेस |
| कृष्णप्रसाद गणेश | नेपाली कांग्रेस |
| नुर महमद मियाा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| अर्जुनलाल गणेश | जनता समाजवादी पार्टी, नेपाल |
| खुश महमद मिया | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सन्तोषकुमार गणेश | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : महिला सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| प्रभा राजवंशी | नेपाली कांग्रेस |
| सेमिरन खातुन | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : दलित महिला सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मेनकी सरदार | नेपाली कांग्रेस |
| लीलादेवी सरदार | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : वडाध्यक्ष वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| कुलबहादुर कार्की | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| चिन्तामणि खरेल | नेपाली कांग्रेस |
| हरि बस्नेत | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| टीकालाल राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| हृदयनारायण राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रामनाथ शाह सोनार | जनमत पार्टी (जपा) |
| निश्चल दाहाल | स्वतन्त्र |

### पद : सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| श्यामकुमार घिमिरे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| तेजलाल राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| लालबाबु मिया | नेपाली कांग्रेस |
| टेनेस राजवंशी | नेपाली कांग्रेस |
| दामोदर अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (मा.केन्द्र) |
| रमन राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| टखन राजवंशी | जनता समाजवादी पार्टी, नेपाल |
| धनलाल राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| धनविर तामाङ | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| भीमप्रसाद मैनाली | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सोमनाथ चम्लगाई | स्वतन्त्र |

### पद : महिला सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| धनमाया शिवाकोटी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| बबिता काफ्ले | नेपाली कांग्रेस |
| तीलमनी राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| सरिता तामाङ | जनता समाजवादी पार्टी, नेपाल |
| तेस्लीमा खातुन मिया | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| मालन माझी | जनमत पार्टी (जपा) |

### पद : दलित महिला सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| फूलकुमारी कर्माकार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| गुलाफी माझी हरिजन | नेपाली कांग्रेस |
| सरितारामदेवी मोची | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| रीतादेवी परियार | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : वडाध्यक्ष वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| चेतराज भट्टराई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| भरत राजवंशी | नेपाली कांग्रेस |
| शुकराज लिम्बू (इदिङ्गो) | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| खड्ग राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| मनप्रसाद खनाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| हरसलाल राजवंशी | जनमत पार्टी (जपा) |
| पूर्णविक्रम भट्टराई | स्वतन्त्र |

### पद : सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| कर्णबहादुर राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मित्रलाल घिमिरे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| शेरबहादुर लिम्बू | नेपाली कांग्रेस |
| फागुलाल राजवंशी | नेपाली कांग्रेस |
| भक्तबहादुर विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| गंगालाल राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| लाफसरी राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| लक्ष्मीदेवी लिम्बू | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गंगाप्रसाद राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

### पद : महिला सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| अम्बिकादेवी लामिछाने | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सामवति राजवंशी | नेपाली कांग्रेस |
| पूर्णकुमारी वस्नेत | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| रुमादेवी पाठक | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |

### पद : दलित महिला सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| राजनी कर्माकार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सुनिता विश्वकर्मा | नेपाली कांग्रेस |
| अञ्जना विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| कुमारी विश्वकर्मा | राष्ट्रिय प्रजातन्त्र पार्टी |

## बालयौन दुरुपयोग गरेको अभियोगमा पक्राउ

**भोजपुर, बैशाख २१।** ११ वर्षीया बालिकालाई बालयौन दुरुपयोग गरेको अभियोगमा टेम्केमैयुङ गाउँपालिका-१ रिमचिम बस्ने ५७ वर्षीय कृष्णदेव राईलाई प्रहरीले पक्राउ गरेको छ ।

राईले ती बालिकालाई पीडितकै घरमा बालयौन दुरुपयोग गरेको भन्ने किटानी जाहेरी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय दिल्पाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान भइरहेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।


चलिरहेको कपडा पसल बिक्रीमा

बिर्तामोडस्थित कृषिथोक बजारमा रहेको कपडा पसल बिक्रीमा छ ।

मूल्य २,१०,०००।– रहेको छ ।

सम्पर्क : ९८२५९५४१८३

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क:

९८१४९९३७१२, ९८४२६७७८५५

९८२४९९०४६२, ९७४५२६०८२५

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'

– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला

९८२५९२७४७७/९८०६०९०७८१

९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

घेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ज्योतिष परामर्श सेवा

के तपाई आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ । अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ । कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ ।

कश्यप पाण्डे बृहस्पति

दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा

शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा

सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक यात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
घरबाट कहीँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बोलिमा विचार पुऱ्याउनु होला, राम्रै बोल्दा पनि नराम्रो सुनिन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
स्वास्थ्य प्रतिकूल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्य सिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।